**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, आजदेखि लागु भएको आगामी पुस्ताको जीएसटी सुधार देशको विकास गाथालाई परिवर्तन गर्नका साथै समाजका सबै वर्गलाई यसले धेरै लाभ हुनेछ।

२. प्रधानमन्त्री मोदीले आज अरुणाचल प्रदेश र त्रिपुराको भ्रमण अवधि पाँच हजार एक सय करोड़ रुपियाँभन्दा बढीका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

३. नौ दिनसम्म चल्ने नवरात्रीको पर्व आजदेखि शुरु भएको छ।

४. राष्ट्रपति ट्रम्पले एच-1बी भिसा आवेदनहरूमा एक लाख डॉलरको वार्षिक शुल्क लगाउने घोषणा गरेपछि अमेरिकामा भारतीय दूतावासले भारतीय नागरिकहरूका लागि आपतकालीन सहायता नम्बर जारी गरेको छ।

५. एसिया कप टी-२० क्रिकेटको सुपर फोरको म्याचमा भारतले पाकिस्तानलाई ६ विकेटले पराजित गरेको छ।

**पीएम जीएसटी सुधार**

प्रधानमन्त्री नरेन्द्र मोदीले वस्तु तथा सेवा कर परिवर्तनलाई आगमी पुस्ताको सुधार भनि बताउनु भएको छ, जसले अर्थव्यवस्थालाई बलियो बनाउनेछ र आम जनतालाई राहत प्रदान गर्नेछ।हिजो साँझ राष्ट्रको नाम सम्बोधनमा प्रधानमन्त्रीले नवरात्रिको पहिलो दिनबाट लागू हुने जीएसटी सुधारलाई " बचत उत्सवको नाम दिनु भयो। उहाँले भन्नुभयो कर दरहरुमा कटौतीले दैनिक प्रयोगका वस्तुहरू सस्तो हुनेछ र उपभोग- आधारित वृद्धिको गति तीव्र हुनेछ।उहाँले भन्नुभयो जीएसटी सुधार आत्मनिर्भर भारतको दिशामा एक महत्त्वपूर्ण कदम साबित हुनेछ।वस्तु तथा सेवा करका नयाँ दरहरू आजदेखि लागू हुँदैछ। 12 प्रतिशत र 28 प्रतिशतको कर स्ल्याबको स्थानमा अब केवल 5 प्रतिशत र 18 प्रतिशतको स्ल्याब रहनेछ। विलासिताका सामानहरू बाहेक सबै वस्तु तथा सेवाहरू यी दुई स्ल्याबमा पर्नेछन्।श्री मोदीले भन्नुभयो यी सुधारहरूले देशको विकासको गाथालाई रूपान्तरण गर्नेछन्। युवा, किसान, महिला, पसले, व्यापारी र उद्यमीहरूले व्यापक लाभ पाउनेछन्। प्रधानमन्त्रीले देशको विकास यात्रामा देशका हरेक राज्य समान साझेदार हुने बताउनु भएकोछ। उहाँले नवरात्रिको प्रथम दिवस बचत उत्सवको साथ देशले आत्मनिर्भर भारततर्फ महत्त्वपूर्ण कदम चालिरहेको बताए।

**बाइट-प्रधानमंत्री**

उहाँले एक देश एक करको सपना साकार भएको बताउनुभयो।

**बाइट-प्रधानमंत्री-**

श्री मोदीले प्रसन्नता व्यक्त गर्नुभयो पछिल्लो 11 वर्षमा देशका 25 करोड़ लोग गरीबीबाट बाहिर आएका छन्।

**बाइट-प्रधानमंत्री-**

प्रधानमन्त्रीले भन्नुभयो उहाँको सरकार "**नागरिक देवो भव**" को मन्त्रका साथ अगाडि बढिरहेको छ। स्वदेशी निर्माणमा जोड दिँदै उहाँले भन्नुभयो देशको विनिर्माणले उत्कृष्टताको सबै मापदण्डहरू पूरा गर्नुपर्छ।भारतीय उत्पादहरूको गुणस्तरले वैश्विक पहिचान र प्रतिष्ठा पाउनु पर्छ।प्रधानमन्त्रीले प्रत्येक घरपरिवारलाई स्वदेशी उत्पाद अपनाउने आग्रह गर्नुभयो। उहाँले प्रत्येक पसल स्वदेशी सामानले सुसज्जित हुनुपर्ने बताउनुभयो।उहाँले सबै राज्य सरकारहरूलाई आ-आफ्ना क्षेत्रहरूमा विनिर्माण बढाएर आत्मनिर्भर भारत र स्वदेशी अभियानलाई गति दिने अपील गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो जब केन्द्र र राज्य सरकारहरू मिलेर काम गर्छन्, आत्मनिर्भर भारतको सपना साकार हुनेछ।

**बाइट-प्रधानमंत्री मोदी-**

**प्रधानमन्त्री अरुणाचल त्रिपुरा**

प्रधानमन्त्री मोदी आज अरुणाचल प्रदेश र त्रिपुराको भ्रमणमा रहनुहुनेछ, यस अवधि उहाँले पाँच हज़ार एक सय करोड़ रुपियाँ भन्दा बढीका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।श्री मोदीले अरुणाचल प्रदेशमा, तीन हज़ार सात सय करोड़ रुपियाँ भन्दा बढीका दुई प्रमुख जलविद्युत परियोजनाहरूको आधारशिला राख्नुहुनेछ। त्रिपुरामा, प्रधानमन्त्रीले तीर्थयात्रा पुनरुद्धार र आध्यात्मिक विरासत संवर्धन अभियान योजना अन्तर्गत माताबाड़ीमा माता त्रिपुरा सुन्दरी मन्दिर परिसरको विकास कार्यको उद्घाटन गर्नुहुनेछ।

**बाईट**

**शाह – जीएसटी**

केन्द्रीय गृहमन्त्री अमित शाहले भन्नु भएको छ, आगामी पुस्ताको जीएसटी सुधारहरूले आत्मनिर्भर भारतको लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। सामाजिक सञ्जाल पोस्टमा, श्री शाहले जीएसटी सुधारहरूमा प्रधानमन्त्री नरेन्द्र मोदीको सम्बोधनको प्रशंसा गर्नु भयो। उहाँले भन्नु भयो, राष्ट्रलाई सम्बोधन गर्दै श्री मोदीले नागरिकहरूलाई स्वदेशी अपनाउन आह्वान गर्नु भयो। उहाँले भन्नु भयो, यो पहल कृषि, स्वास्थ्य, लुगा र मानव निर्मित फाइबर जस्ता क्षेत्रहरूमा जीएसटी घटाएर उत्पादनलाई प्रवर्द्धन गर्न गरिएको हो।गृहमन्त्रीले नागरिकहरूलाई दैनिक प्रयोगका वस्तुहरूमा स्वदेशी अपनाउन, प्रत्येक घरलाई स्वदेशीको प्रतीक बनाउन र आत्मनिर्भर राष्ट्र निर्माणमा योगदान पुऱ्याउन अपील गर्नु भयो।

**नवरात्रि**

नौ दिन सम्म चल्ने नवरात्रीको पर्व आजदेखि सुरु भएको छ। संस्कृतमा नवरात्रको अर्थ नौ रात हो। यो पर्व देवी दुर्गा र उहाँका नौ अवतारहरूको पूजा अर्चनामा समर्पित छ। नौ अवतारहरूलाई नवदुर्गाको नामले पनि जानिन्छ। नवरात्रको प्रथम दिन आज देवीको शैलपुत्री स्वरूपको आराधना गरिन्छ। हिन्दूहरूले वर्षमा चार नवरात्र मनाउँछन्, तीमध्ये दुई, शारदीय नवरात्र र चैत्र नवरात्र, सबैभन्दा बढी मनाइन्छ । यसले ऋतु परिवर्तनलाई पनि दर्शाउँदछ। भारतमा नवरात्र विभिन्न रूप र परम्पराहरू सहित मनाइन्छ। यो पर्व दशहराको साथ समाप्त हुँदछ।

**उत्तर प्रदेश नवरात्र**

उत्तर प्रदेशमा नवरात्रको पहिलो दिन, राज्यभरका मन्दिरहरूमा भक्तजनको भीड लागेको छ।
विवरण हाम्रो संवाददाताबाट :

**अमरीका एच वन-बी वीजा**

अमेरिकाको वासिङ्टनस्थित भारतीय दूतावासले भारतीय नागरिकहरूका लागि आपतकालीन सहायता नम्बर जारी गरेको छ। राष्ट्रपति ट्रम्पले एच-1बी भिसा आवेदनहरूमा एक लाख डॉलरको वार्षिक शुल्क लगाउने घोषणा गरेपछि यो निर्णय आएको हो। भारतीय दूतावासले सामाजिक सञ्जाल पोस्टमा भनेको छ, तत्काल सहयोग खोज्ने भारतीय नागरिकहरूले +1-202-550-9931 मा कल गर्न सक्छन्। यो नम्बर तत्काल सहयोग आवश्यक परेमा मात्र प्रयोग गर्नुपर्छ। यसैबीच भारत सरकारले आफ्ना सबै मिशन र पोस्टहरूलाई आगामी २४ घण्टाभित्र अमेरिका फर्कने भारतीय नागरिकहरूलाई सबै सम्भावित सहयोग प्रदान गर्न निर्देशन दिएको छ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एच-1बी भिसा आवेदनहरूमा एक लाख डॉलरको वार्षिक शुल्क लगाउने घोषणामा हस्ताक्षर गरेका छन्। अमेरिकी प्रशासनका एक वरिष्ठ अधिकारीले स्पष्ट पारे कि यो शुल्क नयाँ एच-1बी भिसा आवेदनहरूमा मात्र लागू हुनेछ। नयाँ शुल्क अवस्थित भिसा धारकहरू वा नवीकरण खोज्नेहरूमा लागू हुनेछैन।भारतीय प्रविधि पेशेवरहरूमा नयाँ शुल्कको प्रभावको बारेमा गम्भीर चिन्ताहरू उत्पन्न भएका छन्। हाल जम्मा एच-1बी भिसा संख्याको लगभग ७१ प्रतिशत भारतीय नागरिकहरूलाई जारी गरिन्छ।

**नेपाल-जांच समिति**

नेपालमा सुशीला कार्कीको नेतृत्वमा रहेको अन्तरिम सरकारले हिंसक प्रदर्शनको जाँच गर्न सर्वोच्च न्यायालयका पूर्व न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय जाँच समितिको गठन गरेको छ।यी प्रदर्शनहरुमा 72 जनाको मृत्यु भएको थियो भने के.पी. शर्मा ओलीले आफ्नो पदबाट राजीनामा दिनु परेको थियो। गृहमन्त्री ओमप्रकाश आर्यलले काठमाण्डौँ स्थित सिंह दरबार सचिवालयमा पत्रकारहरूलाई जानकारी गराउँदै पूर्व न्यायाधीश गौरी बहादुर कार्कीका साथै पूर्व अतिरिक्त पुलिस महानिरीक्षक ज्ञानरण शर्मा र कानुनविद् विश्वेश्वर प्रसाद भण्डारी पनि जांच आयोगका सदस्य हुन्।उहाँले भन्नुभयो जाँच आयोगले तीन महिना भित्र सरकारलाई आफ्नो रिपोर्ट सुम्पिनु पर्नेछ।

**स्वास्थ्य मन्त्रालय - स्वस्थ महिला सशक्त परिवार**

प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिन १७ सेप्टेम्बरमा शुरु गरिएको स्वस्थ्या महिला सशक्त परिवार अभियान देशभर सफलतापूर्वक सञ्चालन भइरहेको छ। २ अक्टोबरसम्म सबै जिल्ला अस्पतालहरू, आयुष्मान आरोग्य मन्दिरहरू, सामुदायिक स्वास्थ्य केन्द्रहरू र अन्य सरकारी स्वास्थ्य संस्थाहरूमा शिविरहरू आयोजना गरिनेछ।स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले २० सेप्टेम्बरसम्म देशभर दुई लाख 83 हजारभन्दा बढी स्वास्थ्य शिविरहरू सञ्चालन भइसकेको जानकारी दिएको छ। यस अभियानमा व्यापक जनसहभागिता देखिएको छ जसमा लाखौं महिला, बालबालिका र परिवारहरूले स्वास्थ्य सेवाबाट लाभ उठाइरहेका छन्। मन्त्रालयले ७६ लाखभन्दा बढी नागरिकहरूले अभियानको लागि दर्ता गराएको जानकारी दिएको छ।

**मौसम**

मौसम विभागले आज ओडिशाका केही भागहरूमा अत्यधिक भारी वर्षाको पूर्वानुमान गरेको छ। असम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा पनि यस्तै अवस्था रहनेछ। पश्चिम बंगालको गांगेय क्षेत्र, गुजरात, केरला, माहे, कोंकण, गोवा, मध्य महाराष्ट्र, मराठवाडा, उत्तर-आन्तरिक कर्नाटक, तेलंगाना र पश्चिमी मध्य प्रदेशमा भारी वर्षा हुने अनुमान गरिएको छ। विभागले झारखण्ड, अण्डमान र निकोबार टापुहरू र तटीय आन्ध्र प्रदेशमा मेघगर्जन र वर्षाको पूर्वानुमान गरेको छ। आगामी तीन दिनसम्म उत्तरपूर्वी क्षेत्रमा भारी वर्षा जारी रहनेछ।

**क्रिकेट - एसिया कप**

एसिया कप टी-२० क्रिकेटको सुपर फोरको खेलमा भारतले पाकिस्तानलाई ६ विकेटले पराजित गऱ्यो। १७२ रनको लक्ष्य पछयाउँदै भारतीय टोलीले ७ बल बाँकी रहँदा जित हात पाऱ्यो। अभिषेक शर्माले भारतलाई शानदार र द्रुत सुरुवात दिन्दै ३९ बलमा ७४ रन बनाए। अभिषेकले आफ्नो इनिङमा ६ चौका र ५ छक्का हिर्काएका थिए। उनीबाहेक शुभमन गिलले ४७ रन र तिलक वर्माले पनि ३० रन बनाएका थिए।पहिलो पारीमा पाकिस्तानका लागि साहिबजादा फरहानले ५८ रन बनाएक थिए। भारतका शिवम दुबेले दुई विकेट लिएका थिए। भारतले टस जितेर पाकिस्तानलाई पहिले ब्याटिङ गर्न निम्तो दिएको थियो।